# नगरपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२।११।०९
प्रमाणीकरण मितिः २०८२।११।२२

महाकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, खलंगा, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला

०

२०८२।११।२२

नि.प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावनाः

बालबालिकाको अधिकार सुनिश्चिता तथा बाल संरक्षणको प्रत्याभूतिका लागि महाकाली नगरपालिका प्रतिबद्ध रहेको छ । स्थानीय सरकारले बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान, पालना, सम्वर्द्धन, परिपूर्ति एवं बालमैत्री नगरपालिका निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नेपालको संविधान, प्रचलित बालबालिका सम्बन्धी विद्यमान कानूनहरु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले

नेपालको संविधानको भाग १८ धारा (२२६), बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३), स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम बनेको महाकाली नगरपालिकाको प्रशासकीय (नियमन गर्ने) नियमावली २०७४ को दफा ३(२), ले दिएको अधिकार प्रयोग गरी **"महाकाली नगरपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८२"** यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

## परिच्छेद—१

१. सक्षिप्त नाम र प्रारम्भः

१) यस कार्यविधिको नाम **"महाकाली नगरपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८२"** रहेको छ ।

२) यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

ग) "बालबालिका" भन्नाले नेपालको कानून अनुसार १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरुलाई सम्झनु पर्छ ।

घ) "बालबालिका सहायता केन्द्र" भन्नाले महाकाली नगरपालिकाले नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका सम्बन्धी काम गर्ने डेस्कलाई सम्झनु पर्छ ।

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

ङ) "सम्पर्क व्यक्ति" भन्नाले महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका सहायता केन्द्रमा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

च) "बाल अधिकार समिति" भन्नाले बालबालिका सम्वन्धी ऐन, २०७५ वमोजिम गठन हुने बालबालिकाको आधारभूत अधिकारहरुको संरक्षण तथा सम्वर्द्धन गर्नका लागि गठन गरिएका नगर पालिका स्तरीय समितिलाई सम्झनु पर्छ । सो शब्दले वडास्तरीय, विद्यालयस्तरीय र समुदाय स्तरीय समितिहरुलाई समेत सम्झनु पर्दछ ।

छ) "बाल क्लव" भन्नाले विद्यालय तथा समुदाय स्तरमा बालबालिकाहरुको सहभागितामा गठन भएका नगर पालिकामा सूचीकृत भई संचालनमा रहेका बाल समुहहरुलाई सम्झनु पर्दछ।

ज) "संरक्षक तथा संरक्षक शिक्षक" भन्नाले बालक्लवलाई नियमितरुपमा संचालन तथा व्यवस्थापन गर्न समुदायको हकमा संरक्षक र विद्यालयको हकमा संरक्षक शिक्षक भन्ने बुझ्नु पर्दछ ।

झ) "प्रधान संरक्षक" भन्नाले विद्यालयमा गठन भएका बालक्लव तथा संरक्षक शिक्षकलाई नियमित रुपमा अनुगमन, नियन्त्रण, निर्देशन र व्यवस्थापनका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्दछ । समुदायको हकमा सम्बन्धित वडाको बाल अधिकार समितिले तोकिएको सदस्य वा वडा अध्यक्षलाई बुझ्नु पर्दछ ।

ञ) "बालसञ्जाल" भन्नाले महाकाली नगरपालिका तथा वडास्तरमा गठन भएका बालबालिकाहरुको बाल क्लव तथा बालक्लवहरुको सञ्जाललाई सम्झनु पर्दछ ।

ट) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र महाकाली नगरपालिकामा सूचीकृत भएका गैर नाफामूलक सामाजिक संस्था सम्झनुपर्छ।

ठ) "बालविकास केन्द्र" भन्नाले नगर पालिका तथा वडाका समुदायस्तरमा स्थापना भएका बालविकास केन्द्रलाई सम्झनु पर्दछ ।

ड) "बाल कल्याण कोष" भन्नाले बालअधिकारको संरक्षण र सम्वर्द्धन गर्नका लागि वडा तथा नगरपालिकामा खडा गरिएको बालकल्याण कोषलाई सम्झनु पर्दछ ।

ढ) "प्रमाणपत्र" भन्नाले नगर कार्यपालिकाको कार्यालयमा सूचिकृत र आवद्धता भएका बालक्लवहरुलाई दिइने सूचीकृत तथा आवद्धता प्रमाणपत्र सम्झनु पर्छ ।

ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महाकाली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

त) "सभा" भन्नाले महाकाली नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

थ) "कार्यपालिका" भन्नाले महाकाली नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

क) सबै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने ।

ख) बालमैत्री स्थानीय शासन र विद्यालय शान्ति क्षेत्र अभियान प्रवर्द्धन गर्ने ।

ग) बालबालिकासँग सरोकार राख्ने स्थानीय विकासका हरेक प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

घ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनिकरण गर्ने ।

ङ) बालबालिकाको अभिलेख (घटना दर्ता, सूचना, तथ्याङ्क, जन्मदर्ता) व्यवस्थापन गर्ने ।

च) बालअधिकार संरक्षण र प्रवर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरु बीच समन्वय, सहकार्य र साझेदारी गर्ने ।

छ) बालबालिकाहरुका अन्य अधिकारहरु समेत समेट्ने गरी काम गर्ने ।

## परिच्छेद— २

## बाल अधिकार समिति र बालबालिका सहायता केन्द्रको स्थापना

४. बाल अधिकार समिति गठन तथा काम, कर्तव्य र अधिकारः

१. नगरपालिकामा देहाय वमोजिमको बालअधिकार समिति गठन गरिनेछ ।

क) उपप्रमुख —संयोजक

ख) उपप्रमुखले तोकेको कार्यपालिका सदस्य (महिला सदस्य) —सदस्य

ग) शिक्षा शाखा प्रमुख —सदस्य

घ) स्वास्थ्य शाखा प्रमुख —सदस्य

ङ) आधारभुत अस्पताल प्रमुख/चिकित्सक वा निजले तोकेको एक जना —सदस्य

च) नगरपालिका भित्रको प्रहरी कार्यालय प्रमुख वा प्रतिनिधि —सदस्य

छ) समितिले मनोनयन गरेको नगर भित्रका माध्यमिक विद्यालयको प्रधानाध्यापक वा शिक्षक एकजना —सदस्य

ज) बाल अधिकारको क्षेत्रमा कार्य अनुभव भएका व्यक्ति मध्येबाट समितिले मनोनयन गरेको दुईजना —सदस्य

झ) समितिले तोकेको सहकारी संस्थाको प्रतिनिधि एकजना —सदस्य

ञ) समितिले तोकेको बालअधिकारको क्षेत्रमा क्रियाशील गै.स.स.को



महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

प्रतिनिधि एक जना —सदस्य

ट) समितिले तोकेको बालमनोविज्ञ वा बाल न्यायका क्षेत्रमा काम गर्ने एक जना—सदस्य

ठ) पालिकास्तरीय बाल सञ्जालको अध्यक्ष सहित समितिले मनोनयन गरेको दुईजना (बालक र बालिका) —सदस्य

ड) बाल कल्याण अधिकारी वा महिला तथा बालबालिका शाखा प्रमुख —सदस्य सचिव

२. बाल अधिकार समितिका पदेन पदाधिकारी बाहेकका पदाधिकारीहरुको पदावधी चार वर्षको हुनेछ ।

३. दफा ४ को उपदफा (१) बमोजिम सदस्यमा मनोनयन हुनको लागि प्रचलित कानून अनुसार नैतिक पतन देखिने (भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर, संगठित अपराध, बालबालिका विरुद्धको कसूर, बालअधिकार हनन् अन्य) फौजदारी कसूरमा सजाय नपाएको व्यक्ति हुनु पर्नेछ ।

४. समितिको बैठक चौमासिक बस्नु पर्ने छ । तर आवश्यकताका अनुसार बैठक बस्न बाधा हुने छैन् ।

५. समितिको बैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

६. समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

७. समितिको बैठक संचालन प्रक्रिया तथा सेवा सुविधा नगरपालिकाको बैठक संचालन कार्यविधि २०७४ बमोजिम हुनेछ ।

५. बालअधिकार समितिको काम, कर्तव्य र अधिकार:

१. नगरपालिका स्तरीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) समितिको दिर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जूमा गर्ने,

ख) नगरपालिकामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्ने,

ग) नगरपालिकामा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

घ) बालअधिकार सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा अन्य नगरपालिका र अन्य सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

ङ) नेपाल पक्ष रहेका बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय, क्षेत्रीय सन्धीसँग सम्बन्धित पालिकास्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,

च) नगरपालिका भित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक यातना तथा बाल यौनदुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्दार, पुर्नःस्थापना, संरक्षण, व्यवस्थापन र बालबालिका खोजतलास नं. १०४ तथा बाल हेल्पलाइन नं. १०९८ सञ्चालन सेवा अभिवृद्धि जस्ता कार्यमा समन्वय तथा सहयोग र सहजीकरण गर्ने,

छ) बालअधिकार संरक्षण तथा प्रबर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने गराउने,

ज) बालबालिका सम्बन्धी प्रतिवेदन तयार गरी मन्त्रालय, प्रदेश मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद् र सम्बन्धित निकायहरुमा पठाउने,

झ) नगरपालिकामा बालबालिका सम्बन्धी तथ्याङ्क तथा विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

ञ) बालसंरक्षण तथा बालअधिकार प्रवर्द्धनका लागि सञ्चालन हुने राष्ट्रिय, प्रादेशिक तथा नगरपालिकाको अभियानमा सहयोग गर्ने,

ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहजीकरण गर्ने,

ठ) नगरपालिका भित्र सञ्चालित बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुलाई सुधारका लागि निर्देशन दिने । निर्देशन पालना नगरेमा आवश्यक कारबाही गर्न सुझाव सहित सम्बन्धित निकायमा सिफारिस गर्ने,

ड) नगरपालिका भित्र सञ्चालित बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा देहायका बुँदाहरुमा अनुगमन टोली/समिति गठन गरी अनुगमन गर्ने गराउने:

१. बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,



महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

२. बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

३. बाल क्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागितामुलक अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

४. बालबालिका ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

५. बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा कुनै अवाञ्छित कार्य भएको छ वा छैन,

६. बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन्

७. बालगृहमा आश्रित बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसार अन्तिम विकल्पको रुपमा बालकल्याण अधिकारीबाट व्यवस्था मिलाई राखिएको छ वा छैन,

८. व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्ड बमोजिम पालन गर्नुपर्ने कुराहरु पालन गरेको छ वा छैन,

९. उपलब्ध श्रोत, साधनलाई मध्यनजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

१०. बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन ,

११. तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

६. वडा बालअधिकार समितिको गठनः

१. नगरपालिकामा प्रत्येक वडाभित्र देहाय बमोजिमको वडा बालअधिकार समिति रहनेछः

क) वडा अध्यक्ष —संयोजक

ख) वडा महिला सदस्य अध्यक्षले तोकेको —सदस्य

ग) वडाभित्रको स्वास्थ्य संस्था प्रमुख/प्रतिनिधि —सदस्य

घ) वडा भित्रका सामुदायिक वा संस्थागत विद्यालयहरु मध्येबाट वडा अध्यक्षले तोकेको एकजना प्रधानाध्यापक —सदस्य

ङ) बालबालिकाको क्षेत्रमा क्रियाशील वडाभित्रका गै.स.स.बाट वडाअध्यक्षले तोकेको व्यक्ति —सदस्य

च) महिला संस्था/वडा महिला सञ्जाल प्रतिनिधि समितिले तोकेको —सदस्य



महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

छ) वडा बालसञ्जाल प्रतिनिधि —सदस्य

ज) बालअधिकारको क्षेत्रमा कार्यानुभव भएको वडा अध्यक्षले तोकेको व्यक्ति —सदस्य

झ) वडा सचिव सदस्य—सचिव

२. वडा बाल अधिकार समितिका पदेन पदाधिकारी बाहेकका पदाधिकारीहरुको पदावधी चार वर्षको हुनेछ ।

३. दफा ४ को उपदफा (१) बमोजिम सदस्यमा मनोनयन हुनको लागि प्रचलित कानून अनुसार नैतिक पतन देखिने (भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर, संगठित अपराध, बालबालिका विरुद्धको कसूर, बालअधिकार हनन् अन्य) फौजदारी कसूरमा सजाय नपाएको व्यक्ति हुनु पर्नेछ ।

४. समितिको बैठक चौमासिक बस्नु पर्ने छ । तर आवश्यकताका अनुसार बैठक बस्न बाधा हुने छैन् ।

५. समितिको बैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

६. समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

७. समितिको बैठक संचालन प्रक्रिया तथा सेवा सुविधा नगरपालिकाको बैठक संचालन कार्यविधि २०७४ बमोजिम हुनेछ ।

८. वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) बालअधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान, योजना तर्जूमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

ख) वडाभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन अद्यावधिक गर्ने र पालिका स्तरीय बालअधिकार समिति समक्ष पठाउने ।

ग) वडाभित्र बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघ—संस्था, बालक्लब लगायतका सरोकारवालाबिच आवश्यक समन्वय र सहकार्य गरी बालअधिकार सम्बन्धी संरक्षणात्मक र प्रवर्द्धनात्मक कार्यहरु गर्ने, गराउने ।

घ) बालअधिकारका क्षेत्रमा स्थानीय संघ संस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने,

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

ङ) जोखिममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानीय बाल अधिकार समिति र सम्वन्धित निकायसँग समन्वय गर्ने ।

च) वडाभित्र बालअधिकार हननका घटनाका सम्वन्धमा सम्वन्धित निकायसंग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

छ) आवश्यकतानुसार बालबालिकाहरुको लागि आकस्मिक कोषको व्यवस्था मिलाउने,

ज) बालअधिकारको सम्मान, संरक्षणमा र प्रवर्द्धनका लागि पैरवी गर्ने र स्थानीय बाल अधिकार समितिलाई बालअधिकारका क्षेत्रमा आवश्यक सुझाव दिने

झ) वडाभित्र बालबालिकाका सम्वन्धमा भएगरेका कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र पालिका स्तरीय बालअधिकार समिति समक्ष पठाउने,

ञ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

७. बालबालिका सहायता केन्द्रको स्थापनाः

१. प्रत्येक वडा कार्यालयमा र नगर कार्यपालिकाको कार्यालयमा बालबालिका सहायता केन्द्र स्थापना गर्न सकिनेछ । बालबालिका सहायता केन्द्र संचालन गर्नको लागि कार्यालयको महिला बालबालिका तथा समाज कल्याण इकाईमा कार्यरत कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिने छ ।

२. बालबालिका सहायता केन्द्रको काम, कर्तव्य र संचालन देहाय बमोजिम हुने छ ।

क) सबै प्रकारका बालबालिकाको तथ्यांक र सूचनाहरु अद्यावधिक गर्ने ।

"स्पष्टीकरण" सबै प्रकारका बालबालिका भन्नाले अपाङ्गता भएका, श्रमीक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, मानसिक असन्तुलन भएका, यौनिक अल्पसंख्यक र विशेष संरक्षणको आवश्कता भएका अन्य बालबालिका समेतलाई बुझाउँछ,

ख) बालक्लव तथा बाल सञ्जालहरुलाई सूचिकृत गरी अनुसुची ४ अनुसारको अभिलेख राख्ने,

ग) बालबालिका, नगरपालिका र सरोकारवालाहरुबीच सम्बन्ध र समन्वय विस्तार गर्ने,

घ) बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षक, संरक्षक शिक्षक, प्रधान संरक्षक, बालक्लव, बालक्लव संजालहरुबीच समन्वय सहकार्य गर्ने,

ङ) बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरुमा सहजीकरण गर्ने ।

च) बालक्लव, बाल संजाल गठन तथा बाल भेलाको सहजीकरण गर्ने,

छ) बालमैत्री नगरपालिकाको लागि कार्यक्रमहरु सञ्चालन गर्ने,

ज) नगरपालिकाले तोकेको बालबालिका सम्बन्धी अन्य कार्य गर्ने ।



महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलङ्गा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

८. विद्यालय बाल अधिकार समितिको गठन तथा काम, कर्तव्य र अधिकार:

१. नगरपालिकाको प्रत्येक विद्यालयहरुमा निम्नासारको विद्यालय बालअधिकार समिति गठन गरिनेछ ।

क) प्रधानाध्यापक वा निजले तोकेको सहायक प्रधानाध्यापक एकजना -संयोजक

ख) विद्यालय व्यवस्थापन समितिबाट तोकिएको एकजना: -सदस्य

ग) विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बालक्लबको प्रतिनिधि समितिले तोकेको (एकजना छात्रा र एकजना छात्र) दुईजना -सदस्य

घ) शिक्षकहरूले आफूमध्येबाट छानी पठाएको प्रतिनिधि एकजना (उपलब्ध भएसम्म महिला शिक्षक अनिवार्य) -सदस्य

ङ) अभिभावक मध्येबाट शिक्षक अभिभावक संघले तोकेको अभिभावक एकजना -सदस्य

च) बाल अधिकार समितिले तोकेको वडा बालअधिकार समितिको सदस्य एकजना -सदस्य

छ) विद्यालय स्तरीय बालक्लब संरक्षक शिक्षक एकजना: –सदस्य-सचिव

२. समितिको बैठक मासिक रुपमा बस्न सक्नेछ। आवश्यकता अनुसार बैठक बस्न बाधा हुने छैन् ।

३. समितिको बैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

४. समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

५. विद्यालय बालअधिकार समितिले आफ्नो कार्य प्रगति वडा बालअधिकार समितिमा अनिवार्य पेश गर्नुपर्नेछ ।

६. विद्यालयस्तरीय बालअधिकार समितिको पदावधी २ वर्षको रहनेछ ।

७. विद्यालय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

क) बालबालिका सम्बन्धी नीतिगत व्यवस्थाहरुलाई विद्यालय तहमा कार्यान्वयनमा ल्याउन अगुवाइ गर्ने तथा बालसंरक्षण सम्बन्धी विद्यालयस्तरीय वार्षिक कार्ययोजना तयार गर्ने।

ख) विद्यालयलाई बालमैत्री तथा शान्तिक्षेत्र बनाउनका लागि आवश्यक आचारसंहिता सहभागितामूलक ढङ्गले निर्माण गर्ने र सोको कार्यान्वयन भए नभएको अनुगमन गरी रेकर्ड राख्ने ।

ग) विद्यालयमा बालअधिकार हननका घटनाहरूको सन्दर्भमा सत्यतथ्य सङ्कलन गर्ने तथा विद्यार्थी, शिक्षक लगायतबाट आएका गुनासो, उजुरी एवं सुझावहरू लिई सोको



महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय छलगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने, गराउने तथा सोको जानकारी र आवश्यक कारबाहीको सिफारिस सम्वन्धित  वडा बाल अधिकार समितिमा पठाउने।

## परिच्छेद— ३

## बालक्लव तथा बालक्लव संजाल सम्वन्धी व्यवस्था

९. बालक्लव तथा बालक्लब संजाल सम्वन्धी व्यवस्थाः

१. विद्यालयमा बालक्लव, समुदायमा बालक्लव तथा वडा र नगरपालिका स्तरमा बाल सञ्जाल गठन गर्न सकिनेछ ।

२. नगरपालिका स्तरीय बाल सञ्जालको कार्यसमिति सम्बन्धी व्यवस्था तथा गठन देहाय अनुसार हुनेछ ।

क) वडा प्रतिनिधिहरुको सहभागिता सम्बन्धित विद्यालयका बालक्लब, पालिका स्तरीय बालक्लब संजाल गठन गर्ने छ ।

ख) पालिकास्तरीय बालक्लब संजाल बढीमा १५ सदस्यीय रहने छ ।

ग) पालिका बालक्लब संजालमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १, बाकी सबै वडाहरुबाट छानिएर आएका १-१ जना प्रतिनिधि पर्ने गरी सदस्यहरु निर्वाचित पदाधिकारीको रुपमा छनौट हुने छन।

घ) अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षको निर्वाचन मताधिकार प्राप्त बालक्लबका प्रतिनिधि सदस्यहरुबाट गरिनेछ ।

ङ) सदस्यहरुको निर्वाचन प्रत्येक विद्यालयका प्रतिनिधिहरुबाट सम्बन्धित मतादाताबाट मात्र हुनेछ ।

च) नगरपालिका स्तरीय बालक्लब संजालमा बिशेष र प्रतिनिधित्व हुन नसकेको क्षेत्र, वर्ग लिङ्ग र समुदायबाट थप ४ जना सदस्य पालिका स्तरीय बालक्लब संजालले मनोनयन गर्ने छ ।

छ) नगरपालिका स्तरीय बालसंजालका पदाधिकारीहरुको चयन चक्रिय प्रणाली अनुसार हुनेछ ।

३. नगरपालिका स्तरिय बाल संञ्जालका कार्यहरु देहाय बमोजिमका हुनेछन् ।

क) नगर भित्रका बालक्लवहरुलाई संगठित गरी बालक्लवका क्रियाकलापहरु संचालन गर्न सहयोग जुटाउने र समन्वय गर्ने ।



महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

ख) नगरपालिका क्षेत्रभित्रका वालक्लवहरुको गतिविधिहरुको अनुगमन तथा मूल्यांकन गर्दै बालक्लवहरुलाई क्रियाशिल बनाई राख्ने ।

ग) बालबालिका माथि हुने सामाजिक दुर्व्यवहार भेदभाव जस्ता बालअधिकार हननका घटना विरुद्ध आवश्यक पैरवी र पहल गर्ने ।

घ) आफ्नो कार्यक्षेत्रमा संचालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री वातावरण, खुला दिशा मुक्त क्षेत्र र विद्यालयमा भय रहित शैक्षिक वातावरण निर्माण गर्ने अभियानमा बालक्लव संजाललाई सहभागी गर्ने, गराउने ।

ङ) आफ्नो कार्यक्षेत्रका बालबालिकाको प्रतिनिधित्व गर्दै स्थानीय निकाय, संघसंस्था, उपभोक्ता समिति, विद्यालय तथा अन्य संघ संस्थामा बालबालिको मुद्दामा केन्द्रित भएर कार्ययोजना पेश गर्ने । आवाज उठाउने र बाल सरोकारका क्षेत्रहरुमा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्न पहल गर्ने ।

च) बालबालिकाका सरोकारका सूचनाहरु संकलन र अभिलेखीकरण गर्ने तथा पुस्तकालय वा सूचना केन्द्र स्थापना र संचालन गर्ने ।

छ) बालक्लव तथा अन्य संघ संस्था बीच आपसी समझदारी र समन्वयको वातारण तयार गर्ने ।

ज) बालबालिकाको वचाउ, संरक्षण, विकास र सहभागीताको अधिकार सुनिश्चित गर्न आवश्यक अन्य काम गर्ने ।

झ) वडामा नयाँ टोल वा विद्यालयमा बालक्लव गठन र संचालनमा सहयोग गर्ने ।

ञ) नगरपालिकाको नगर सभामा पेश हुने योजनाहरु तयार गर्ने र पेश गर्ने जस्ता कार्यहरु सहयोग गर्ने ।

ट) नगरपालिका स्तरका बालबालिकाहरु संग सम्वन्धित हरेक क्रियाकलापमा प्रतिनिधित्व एवं सक्रिय सहभागिता जनाउँदै बालबालिकाका क्षेत्रमा भए गरेका कामहरुको अवलोकन, अनुगमन, समीक्षा, विश्लेषण र कार्ययोजना समेत तयार गर्ने ।

ठ) बालबालिका संग सरोकार राख्ने सम्वेदनशील विषयहरुमा सम्वन्धित सरोकारवालाहरुलाई ध्यानाकर्षण गराउने ।

ड) वालश्रमको अन्त्य गर्ने आवश्यक कार्यक्रम तथा अभियान संचालन गर्ने आदि ।

४. वडास्तरीय बाल संञ्जालको कार्यसमिति सम्बन्धी व्यवस्था तथा गठन देहाय अनुसार हुनेछ

क) महाकाली नगरपालिकाको वडा स्तरमा रहेका समुदाय स्तरीय र विद्यालय स्तरीय बालक्लवद्वारा सम्वन्धित वडामा वडा बालक्लव संजाल गठन गरिनेछ ।



महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

ख) वडाको क्षेत्रभित्र संचालित विद्यालयमा बनेका वा समुदाय टोलमा बनेको बालक्लवहरुका प्रतिनिधि वडा बाल संञ्जालका सदस्य हुनेछन । बालबालिकाको बसोवास जुनसुकै वडामा भएको भएतापनि विद्यालय रहेको वडामा आवद्ध भएको हकमा सोही वडाको संजालमा आवद्ध गर्न सकिनेछ ।

ग) यस्ता समुदाय वा विद्यालय स्तरका बालक्लवहरुको वडा स्तरीय बालभेला बाट गठन हुने यो संजालमा अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव १, सह—सचिव-१, कोषाध्यक्ष-१ र बाँकी कार्यसमिति सदस्य रहने गरी जम्मा ११ देखि १५ जनाको कार्य समिति रहन सक्नेछ ।

५. वडा बाल संञ्जालका कार्यहरु देहाय बमोजिमका हुनेछन्

क) वडा भित्रका बालक्लवहरुलाई संगठित गरी बालक्लवका क्रियाकलापहरु संचालन गर्न सहयोग जुटाउने र समन्वय गर्ने ।

ख) वडा भित्रका बालक्लवहरुको गतिविधिहरुको अनुगमन तथा मूल्यांकन गर्दै बालक्लवहरुलाई क्रियाशिल बनाई राख्ने ।

ग) बालबालिका माथी हुने सामाजिक दुर्व्यवहार भेदभाव जस्ता बालअधिकार हननका घटना विरुद्ध आवश्यक पैरवी र पहल गर्ने ।

घ) आफ्नो कार्यक्षेत्रमा संचालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री वातावरण, खुला दिशा मुक्त क्षेत्र र विद्यालयमा भय रहित शैक्षिक वातावरण निर्माण गर्ने अभियानमा बालक्लव संजाललाई सहभागी गर्ने, गराउने ।

ङ) आफ्नो कार्यक्षेत्रका बालबालिकाको प्रतिनिधित्व गर्दै स्थानीय निकाय, संघसंस्था, उपभोक्ता समिति, विद्यालय तथा अन्य संघ संस्थामा बालबालिको मुद्दामा केन्द्रित भएर कार्ययोजना पेश गर्ने । आवाज उठाउने र बाल सरोकारका क्षेत्रहरुमा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्न प्रयास गर्ने ।

च) बालबालिकाका सरोकारका सूचनाहरु संकलन र अभिलेखिकरण गर्ने तथा पुस्तकालय वा सूचना केन्द्र स्थापना र संचालन गर्ने ।

छ) बालक्लव तथा अन्य संघ संस्था बीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने ।

ज) बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागीताको अधिकार सुनिश्चित गर्न आवश्यक अन्य काम गर्ने ।

झ) वडामा नयाँ टोल वा विद्यालयमा बालक्लव गठन र संचालनमा सहयोग गर्ने ।

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

ञ) बालश्रमको अन्त्य गर्ने तथा अभियानमा सहयोग गर्ने

६. विद्यालय तथा टोलस्तरीय बाल क्लब गठन सम्बन्धी व्यवस्थाः- प्रत्येक विद्यालयमा र टोलमा अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सह–सचिव-१, कोषाध्यक्ष-१ र बाँकी कार्यसमिति सदस्य रहने गरी जम्मा ११ देखी १५ जना समूहको कार्य समिति रहने गरी बालक्लव गठन गर्न सकिने छ ।

७. विद्यालय तथा टोलस्तरमा गठन गरिएका बालक्लबको काम कर्तव्यहरु देहाय बमोजिम रहनेछन् ।

क) टोल वा विद्यालय भित्र भएका बाल अधिकारको हनन् सम्बन्धी घटनाहरु वडा बाल सञ्जाल वा पालिका स्तरीय बाल सञ्जाल मार्फत न्यायिक समिति र बाल अधिकार समितिमा दर्ता गर्ने ।

ख) बाल संरक्षणको सुनिश्चितताको लागि पहल गर्ने ।

ग) बालबालिकाको क्षमता प्रस्फुटन गराउने खालका अतिरिक्त क्रियाकलापहरु संचालन गर्ने र गर्न सहयोग जुटाउने ।

घ) बालबालिका माथि हुने सामाजिक दुर्व्यवहार भेदभाव जस्ता बालअधिकार हननका घटना विरुद्ध आवश्यक पैरवी र पहल गर्ने ।

ङ) नियमित रुपमा बाल भित्ते पत्रिका प्रकाशन गर्ने ।

च) आफ्नो कार्यक्षेत्रमा संचालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री वातावरण, खुला दिशा मुक्त क्षेत्र र विद्यालयमा भयरहित शिक्षण जस्ता अभियानमा सहभागी हुने ।

छ) बालबालिकाका सरोकारका सूचनाहरु संकलन र अभिलेखीकरण गर्ने ।

ज) बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागीताको अधिकार सुनिश्चित गर्न आवश्यक अन्य काम गर्ने ।

१०. बालक्लव तथा बाल संञ्जाल सल्लाहकार समित गठन सम्बन्धी व्यवस्थाः- बालक्लव तथा बालक्लव संञ्जाल र सुझाव सल्लाह दिन ३ देखि ५ सदस्य रहने गरी सल्लाहकार समिति गठन गर्न सकिनेछ ।

११. बालक्लवले कार्यसमितिका सदस्यहरु मध्ये कुनै १ जनाको संयोजकत्वमा आवश्यकता हेरी निश्चित समयका लागि बढीमा ७ सदस्यीय उप–समिति गठन गर्न सकिनेछ । यस उप–समितिले कार्य समितिले तोकेको विषय वा क्षेत्र संग सम्वन्धित काम सम्पन्न गर्नेछ ।

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

१२. बाल समुहको कार्यसमिति सदस्य हुन १० बर्ष पुरा भई १८ बर्ष ननाघेको हुनु पर्नेछ । बालबालिकाको उमेर १८ वर्ष पुगेपछि बालक्लवको सदस्यता स्वत समाप्त हुनेछ । कार्यसमिति सदस्यको जन्मदर्ता अनिवार्य हुनु पर्नेछ ।

१३. बालक्लब वा बाल संञ्जालले निर्णय गरी निश्चित मिति, स्थान र समयमा बालक्लबका सदस्यहरुको भेला वा परिषद् बोलाउने छ । यसरी बोलाउने भेला वा परिषदको जानकारी कम्तीमा १५ दिन अगाबै सबै सदस्यहरुले थाहा पाउने गरि सूचना गरिनेछ । भेला वा परिषद सार्वजनिक बिदाका दिन आयोजना गरिनेछ । टोल भेलामा वडा बालक्लब संजालका प्रतिनिधि तथा वडा भेला वा परिषद्मा पालिका बालक्लव संजालका प्रतिनिधिहरुको उपस्थिति अनिवार्य हुनेछ ।

१४. बालक्लव तथा बाल संञ्जाल निर्वाचन पक्रियाः

१. सम्वन्धित बालक्लवले निर्वाचनका लागि ३ सदस्यीय एक निर्वाचन समितिको गठन गर्ने छ।

२. निर्वाचन समितिले निर्वाचनको लागि आवश्यक सम्पुर्ण प्रकृया र पद्धतिको व्यवस्था मिलाई निश्चित समय भित्र निर्वाचनको कार्य सम्पन्न गर्नेछ ।

३. निर्वाचन कार्य सम्पन्न गरी सपथ ग्रहणको कार्य पूरा भएपछि निर्वाचन समितिको कार्यविधि स्वतः समाप्त हुनेछ ।

४. निर्वाचन प्रक्रिया निम्नाअनुसार हुनेछ ।

क) सर्वसम्मतिले पदाधिकारी चयन गर्ने ।

ख) सर्व सम्मति निर्वाचित वा चयन हुन नसकेमा गोप्य मतदानको माध्यमवाट बहुमत सदस्यले छानेको व्यक्ति पदाधिकारी निर्वाचित हुनेछ। यसरी निर्वाचन प्रक्रिया अपनाउदा समेत तोकिए बमोजिमका बालक वा बालिकाको संख्या मिलाउनु पर्नेछ।

ग) बालक्ल्ब तथा बालसंजालका पदाधिकारीहरुको चयन चक्रिय प्रणाली अनुसार हुनेछ ।

१५. बालक्लव दर्ता पक्रियाः

१. समुदायमा आधरित बालक्लव तथा विद्यालयमा आधारित बालक्लवहरु र वडा बाल सञ्जालहरु महाकाली नगरपालिकाको कार्यालयमा दर्ता हुनेछन ।

२. बालक्लव सुचीकृत/दर्ता गर्नका लगि नव गठित बालक्लवले बैठक वसी महाकाली नगरपालिका मा सुचीकृत गर्नका लागि औपचारिक निर्णय गर्नु पर्नेछ । त्यसपछि सुचीकृत गरी पाँउ भनी नियमानुसार अनुसुची १ अनुसारको निवेदन, बालक्लवको विधान बालक्लव दर्ता गर्ने निर्णय, कार्य समितिको विवरण,कार्यसमिति सदस्यको जन्मदर्ताको प्रतिलिपी,

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

विद्यालय तथा वडा कार्यालयको सिफारिस सहित महाकाली नगरपालिकाको महिला बालबालिका तथा समाज कल्याण इकाईमा पेश गर्नु पर्नेछ । पेश भए बमोजिम कार्यालयले अनुसुची-२ बमोजिम दर्ता प्रमाणपत्र दिनेछ ।

३. बालक्लवले निवेदन माथी दर्ता गर्ने निकायले अध्ययन गरिसकेपछि एक विद्यालय एक बालक्लव, एक टोल एक बालक्लव, एक वडा एक बालक्लव संजाल तथा एक पालिका, एक बालक्लव संजालको आधारमा बालक्लवलाई दर्ता गर्न सक्नेछ ।

४. दर्ता भएका बालक्लवलाई नगरपालिकाले दर्ताको प्रमाणपत्र उपलव्ध गराउनेछ ।

५. सवै बालक्लवहरुले प्रत्येक आर्थिक वर्षमा वर्ष शुरु भएको २ महिना भित्र महाकाली नगरपालिकामा बालक्लव नविकरण गर्नुपर्नेछ । यसका लागि बालक्लवले नविकरणका लागि आवेदनका साथ उक्त बालक्लवले गरेको वार्षिक कार्य प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद— ४

## बालकल्याण कोष संचालन सम्बन्धि व्यवस्था

१६. नगरपालिकामा एउटा बालकल्याण कोषको स्थापना गरिने छ ।

१७. बालकल्याण कोषमा देहाय बमोजिमको रकमहरु रहने छ

क) नगरपालिकाबाट विनियोजन गरिएको रकम,

ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम,

ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोग रकम,

घ) स्वदेशी संघ, संस्था र व्यक्तिबाट प्राप्त सहयोग रकम

ङ) अन्य विविध श्रोतबाट प्राप्त हुन आएको सहयोग रकम ।

१८. बालकल्याण कोषको प्रयोग जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सम्वर्द्धनका लागि निम्न शीर्षकमा खर्च गर्न सकिनेछ ।

क) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

ख) हराएको वा बेवारिस अवस्थामा फेला परेको,

ग) ऋणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको,

घ) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएको,

ङ) दुर्घटनामा परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

च) बाबु वा आमा कारागार वा हिरासतमा रही संरक्षण गर्ने संरक्षक कोही नभएको अवस्थामा वा कुनै कसूर सम्बन्धित रहेको कारणले बेवारिस भएको,

छ) यौनशोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको,

ज) हिंसाबाट प्रभावित भएको,

झ) बाबुआमा वा संरक्षकबाट बन्चित भएको,

ञ) अपाङ्गता भएको,

ट) मानसिक कमजोरी भएको,

ठ) अपहरण वा शरीर बन्धकमा परेको,

ड) सडक बालबालिका,

ढ) एच.आई.भी. /एड्स संक्रमित भएको,

ण) जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भै संरक्षणविहीन अवस्थामा फेला परेको शिशु,

त) विभिन्न कारणबाट आमाबुवाबाट त्यागिएका

थ) बाल अधिकार समितिको सिफारिसमा समितिले तोकेका अन्य बालबालिका ।

१९. दफा १७ बमोजिम स्थापना हुने बालकल्याण कोषमा धुम्रपान, मद्यपान जस्ता व्यापारिक प्रतिष्ठानहरुवाट सहायता स्वीकार गरिनेछैन्।

२०. दफा १८ मा उल्लेख भए बाहेकको अन्य शिर्षकमा कोषको रकम खर्च गर्न सकिने छैन् । तर कोषको कुल आम्दानी मध्ये बढीमा ५ प्रतिशत सम्मको रकम कोष सञ्चालक समितिको बैठक सञ्चालन तथा व्यवस्थापन खर्चका लागि उपयोग गर्न सकिने छ ।

२१. बालकल्याण कोष सञ्चालन तथा व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था

१. बालकल्याण कोष सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको बालकल्याण कोष सञ्चालन तथा व्यवस्थापन समितिको गठन हुनेछ।

| | |
|---|---|
| क) नगरपालिकाको उपप्रमुख | -संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ग) कार्यपालिकाबाट तोकेको सामाजिक बिकास शाखाको कर्मचारी एक जना | -सदस्य |
| घ) नगरस्तरीय बाल सञ्जाल समितिको संयोजक | -सदस्य |
| ङ) बालकल्याण अधिकारी | -सदस्य-सचिव |

२. समितिको बैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत विज्ञलाई तथा आवश्यकता अनुसार प्रतिनिधि कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।



महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

३. समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ ।

क) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनःस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

ङ) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

च) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

ज) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

झ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

ञ) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

४. समितिको बैठक र निर्णय

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ग) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य–सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

घ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

ङ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

च) समितिको निर्णय समितिको संयोजक र सदस्य–सचिवले प्रमाणित गरी राख्नेछ ।

छ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति नगरपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि २०७४ बमोजिम हुनेछ।

ज) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुर्नःस्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम



महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

निकासा खर्च गराउन सक्नेछन्। तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ।

५. जोखिममा परेका बालबालिकाहरुलाई कोषबाट उपलव्ध हुने सहयोग सम्वन्धी व्यवस्था ।

१. जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई तत्काल उद्धार गर्दा, औषधि उपचार, पुर्नःस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानविय क्षति हुने देखिएकोमा समितिले सो प्रयोजनका लागि बीस हजार रुपैयाँमा नबढ्ने गरी मनासिब रकम,

२. बालबालिकालाई कानूनी सहायता, औषधि उपचार, मनोसामाजिक विमर्श सेवाको लागि बढीमा पाँच हजार रुपैयाँसम्म ।

३. बालबालिकालाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारीसाधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम खानाखर्च बापत तीनसय रूपैयाँ र बास बस्नुपर्ने भएमा सो बापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँचसय रूपैयाँका दरले बढीमा पाँच हजार रूपैयाँसम्म,

४. समितिले जोखिमको प्रकृति बालबालिकाको अवस्था समेतलाई विचार गरी उपयुक्त ठहर्याएको अवस्थामा उद्धार, राहत र पुनःस्थापना सम्बन्धी अन्य कार्यका लागि दश हजार रूपैयाँसम्म,

५. बालबालिकालाई अस्पताल भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीन सय रूपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभइ बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बास खर्च वापत प्रतिदिन पाँच सय रूपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार रुपैयाँ नबढ्ने गरी लागेको खर्च,

६. कोषको खाता सञ्चालनः- कोषको रकम समितिको निर्णयले नेपाल राष्ट्र बैङकबाट इजाजत प्राप्त पायक पर्ने बैङ्कमा खाता खोली सञ्चालन गरिनेछ। खाता सञ्चालनका लागि नगरपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ।

७. प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन् ।

८. कोषको लेखा र लेखा परीक्षणः- कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ । साथै कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।



महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

९. प्रतिवेदन पेश गर्ने: समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र कार्यपालिका बैठकमा पेश गरी स्वीकृत गराउनु पर्नेछ र नगर सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद— ५

## विविध

२२. स्रोतको व्यवस्थापनः महाकाली नगरपालिका तथा वडाले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वियनका लागि आवश्यक आर्थिक तथा मानवीय स्रोतको व्यवस्थापन अनिवार्य गर्नु पर्नेछ ।

२३. प्रोत्साहन तथा पुरस्कारको व्यवस्थाः बालसंरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लव, सञ्जाल तथा संघसंस्थालाई नगरपालिकाले उचित प्रोत्साहन तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

२४. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार महाकाली नगरकार्यपालिकालाई हुनेछ ।

२५. खारेजी र बचाउः

१. यो कार्यविधी बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानूनसंग बाँझिन गएमा बाँझिएको हदसम्म स्वत खारेज हुनेछ र सो सम्बन्धमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

२. बालअधिकार समिति (गठन तथा संचालन) सम्बन्धी कार्यविधि २०८१ खारेज गरिएको छ।

३. उपदफा (२) बमोजिम खारेज भएको कार्यविधि अनुसार भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

२६. बालबालिका सम्बन्धी कार्य संचालन गर्दा यो कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानुनमा भएको बालअधिकार संरक्षण र सम्वर्द्धन प्रक्रियाहरु अवलम्वन गर्न कुनै बाधा पर्ने छैन ।

२७. संशोधन तथा परिमार्जन सम्बन्धी व्यवस्थाः- यस कार्यविधिमा संशोधन तथा परिमार्जन गर्न वान्छनीय भएमा कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय छलगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

अनुसुची १

बालक्लव/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा निवेदन पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू, मिति..........

महाकाली नगरपालिका, दार्चुला ।

विषयः बालक्लब सूचीकृत/आबद्धता गरी पाऊँ

महोदय,

हामीले ................ नामको बालक्लव/संञ्जाल गठन गर्न चाहेकोले ..............................नगरपालिकावाट स्विकृत "बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि" ले गरेको व्यवस्था बमोजिम बालक्लव/सञ्जाल सुचीकृत/आबद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित बालक्लवको निर्देशिकाको एक प्रति, सिफारिस, बालक्लव आवद्दता अभिलेख फारम र क्लवका पदाधिकारीहरुको जन्म दर्ता प्रमाण पत्रको फोटोकपी यसै साथ संलग्न गरिएको छ ।

भवदीय

अध्यक्ष

<u>बालक्लव आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरु</u>

१) अनुसूची-१ अनुसारको निवेदन

२) विधान २ प्रति

३) बालक्लव/सञ्जालको निर्णय

४) विद्यालयस्तरीय बालक्लबको हकमा विद्यालयको सिफारिस

५) वडाको सिफारिस

६) बालक्लवको कार्यसमिति‌को बालबालिकाहरुको जन्मदर्ताको प्रतिलिपि

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

अनुसुची २

बालक्लव सुचिकृत प्रमाणपत्रको नमुना

महाकाली नगरपालिका, दार्चुला।

सूचीकृत/आवद्धता प्रमाणपत्र

आवद्धता नं.                    मिति श्री.......................................बालक्लव

................................................

दार्चुला जिल्ला महाकाली नगरपालिका, वडा नं...........को ..............................
...विद्यालय/समुदायमा गठन भएको .....................................बाल क्लव/सञ्जाललाई यस महाकाली नगरपालिकामा आवद्धता गरी बालमैत्री, बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि २०८२ ले व्यवस्था गरेअनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ । बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धि १९८९ तथा बालबालिका सम्वन्धी कानुनहरुको अधिनमा रही यस महाकाली नगरपालिकामा बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दै यो आवद्धता प्रमाण पत्र प्रदान गरिएको छ।

प्रमाणित गर्ने

नाम:

पद:

दस्तखत:

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

अनुसुची ३

बालकल्याण कोष आम्दानी रसिदको नमूना

श्री.........................................................................

.....................................................

ले महाकाली नगरपालिकामा जोखिम पूर्ण अवस्थामा रहेका बालबालिकाहरुको संरक्षणका लागि सहयोग वापत देहाय बमोजिम रकम सहयोग उपलब्ध गराउनु भएकोमा धन्यवाद ज्ञापन गर्दछौ ।

| क्र. सं. | विवरण | रकम रु | अक्षरेपी | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

.................................

सहयोग दिनेको दस्तखत

.....................................

सहयोग वुझनेको दस्तखत

महाकाली नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ (पहिलो संशोधन, २०७६) को नियम (४) बमोजिम प्रमाणिकरण गरिन्छ ।

..........................

२०७८।११।२२

नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल